बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

१३/०७९/८०

पत्र.सङ्ख्या :

चलानी. नम्बर : ४३७

मिति : ........२०७९।१०।०३

विषयः आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि समपुरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धमा ।

श्री स्थानीय तह, (सबै ११९),
बागमती प्रदेश।

उपर्युक्त सम्बन्धमा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी योजना/कार्यक्रमको प्रस्ताव यसैसाथ संलग्न सुचनाको अधिनमा रहि प्रदेश समपूरक अनुदानको हकमा बढीमा ५(पाँच) वटा र प्रदेश विशेष अनुदानको हकमा बढीमा ३(तीन) वटा योजना तथा कार्यक्रमहरु प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम प्राथमिकिकरण सहित २०७९ फाल्गुण मसान्त भित्र विद्युत्तीय प्रणाली http://bagamati.csgrants.gov.np/ मार्फत प्रस्ताव गर्नका लागि यस मन्त्रालयको मिति २०७९/१०/०२ को निर्णयानुसार जानकारीका लागि अनुरोध छ।

२०७९।१०।३

अर्जुन आचार्य
शाखा अधिकृत

**बोधार्थ**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, मकवानपुर, बागमती प्रदेश ।

श्री सुचना तथा प्रविधि शाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय: यसैसाथ संलग्न सुचना मन्त्रालयको वेव साईटमा अपलोड गरि सबै स्थानीय तह(११९) लाई ईमेल गरिदिनुहुन।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

**बागमती प्रदेश भित्रका सबै (११९) स्थानीय तहहरुलाई आ.व. २०८०/८१ का लागि प्रदेश समपूरक तथा विशेष अनुदान अन्तरगतका आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा आव्हान गरिएको सूचना**

**( प्रकाशित मिति २०७९/१०/०३)**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम स्थानीय तहहरुबाट आ.व.२०८०/०८१ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७९ फाल्गुण मसान्तभित्र यस सम्बन्धी विद्युतीय (अनलाईन) प्रणालीमार्फत मात्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुहुन बागमती प्रदेश भित्रका सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्ताव पेश गर्दा स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ । आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारी मन्त्रालयको वेबसाईट https://moeap.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।आवश्यक सूचना तथा कार्यविधिहरू समेत उक्त वेबसाईटबाट प्राप्त गर्न सकिनेछ । यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको टेलिफोन नं. ०५७-५२७५१८, ५२७५२० र ईमेल planning.moeap@bagamati.gov.np / planning.moeap3@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

समपूरक र विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रक्रिया यस प्रकार रहेको छ ।

१. महानगरपालिका, उपमहानगरपालिक, नगरपालिका र गाउँपालिकाको लागि लग-ईन गर्ने विवरणहरू (User ID / Password) राष्ट्रिय योजना आयोगबाट प्रदान गरिएको विवरण नै प्रयोग गर्नु पर्नेछ ।यस सम्बन्धी वेबसाईट http://bagamati.csgrants.gov.np/ मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरू भरी पेश गर्ने ।

सचिव

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

## प्रदेश समपूरक अनुदान

(क) स्थानीय तहहरुले समपूरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को अधिनमा रहि माग गर्नुपर्नेछ ।

(ख) समपुरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरूः

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ ।

| क्र.सं. | मुलभुत क्षेत्र | कार्यविधि बमोजिमका क्षेत्रहरू |
|---|---|---|
| १ | पूर्वाधार क्षेत्र | क) स्थानीय तहको केन्द्रबाट वडा केन्द्र जोड्ने सडक तथा गाउँबस्तीबाट हाटबजार जोड्ने ग्रामीण एवम् कृषि सडक, आकासेपुल तथा पदमार्ग सम्बन्धी आयोजना/कार्यक्रम |
| २ | | ख) खानेपानीको सुविधा पर्याप्त नभएका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउन सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ३ | | ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलब्ध गराउने आयोजना/कार्यक्रम |
| ४ | | घ) साना तथा मझौला पुलपुलेसा एवम् झोलुङ्गे पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम |
| ५ | | ङ) सिँचाई सुविधा नभएका क्षेत्र वा समुदायमा सिँचाईको सुविधा पुऱ्याउन सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ६ | | च) एकीकृत ग्रामीण बस्ती विकास सम्बन्धी आयोजना/कार्यक्रम |
| ७ | सामाजिक क्षेत्र | घ) आफ्नै भवन नभएका सरकारी सामुदायिक विद्यालयको भवन तथा शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम |
| ८ | | ज) खेलकुद सम्बन्धी पूर्वाधार निर्माणका आयोजना/कार्यक्रम |
| ९ | | झ) स्वास्थ्य चौकी तथा अस्पतालको भवन निर्माण सम्बन्धी आयोजना/कार्यक्रम |
| १० | | ट) फोहोरमैला प्रशोधन तथा व्यवस्थापन सम्बन्धी पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम |
| ११ | आर्थिक क्षेत्र | छ) पर्यटन पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजना/कार्यक्रम |

सचिव

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा

## २. समपूरक अनुदानको आयोजना/कार्यक्रमको रकमको सिमा र आयोजना कार्यान्वयनको अवधि

- गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँ देखि दुई करोड रुपैयाँ सम्म,
- नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान दुई करोड रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म,
- उपमहानगरपालिका/महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/ कार्यक्रमको कुल लागत अनुमान तीन करोड रुपैयाँ देखि चार करोड रुपैयाँ सम्म ।
- स्थानीय तहबाट समपूरक अनुदानका लागि कार्यान्वयन हुने आयोजना/कार्यक्रमको वार्षिक अनुमानित खर्चको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानिय तह र अन्य क्षेत्रले व्यहोर्नुपर्ने।
- समपूरक अनुदानका लागि प्रस्तावित आयोजना/कार्यक्रमको अवधी बढीमा २ बर्षको हुनुपर्ने। दुई (२) आर्थिक वर्ष अवधि भएका आयोजना/कार्यक्रमको हकमा आयोजना/कार्यक्रम प्रस्ताव गर्दा प्रत्येक आर्थिक वर्षका लागि प्रदेश सरकारले व्यहोर्ने रकम र स्थानीय तहले व्यहोर्ने रकम अनिवार्य रुपमा खुलाई प्रस्ताव गर्नुपर्ने।

## ३. समपूरक आयोजना/कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:

- आयोजना/कार्यक्रमको कुल लागत अनुमानको साराशं (Summary of cost estimates),
- प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेटको सुनिश्चितता पत्र,
- आयोजनाको नक्सा, डिजाईन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,
- आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन तथा डि.पी. आर. ,
- प्रचलित कानूनबमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन,
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-२ बमोजिमको वार्षिक आयोजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना,
- स्थानीय तहले समपुरक अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिका निर्णयको प्रतिलिपी,
- अघिल्ला आर्थिक वर्षमा दुई आर्थिक वर्षका लागि स्वीकृत आयोजना/कार्यक्रमको प्रदेश समपूरक अनुदान कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन।

**नोटः** अघिल्ला आर्थिक वर्षमा दुई आर्थिक वर्षका लागि स्वीकृत आयोजना/कार्यक्रमको प्रगति विवरण प्रविष्टि गरी रकम माग गरेपश्चात वा रकम चाहिँदैन भनी प्रविष्टि गरेपश्चात मात्र नयाँ आयोजना/कार्यक्रम प्रस्ताव गर्न सकिनेछ। यस सम्बन्धी विस्तृत जानकारीको लागि प्रयोगकर्ता पुस्तिका हेर्न सकिनेछ ।

प्रदेश समपूरक अनुदान सम्बन्धी आयोजना/कार्यक्रम पेश गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रममा दोहोरो नपर्ने गरि पेश गर्नुपर्नेछ।

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

समपूरक आयोजना प्रस्तावका लागि निम्न लिखित शर्तहरू पुरा भएको घोषणा गर्नुपर्नेछ ।

| क.सं. | शर्तहरु |
|---|---|
| १. | आयोजना/कार्यक्रम कुल लागत निर्धारित सीमाभित्र रहेको(गाँउपालिकाको लागि रु १ करोड देखि २ करोड, नगरपालिकाको लागि रु.२ करोड देखि ३ करोड र उपमहानगर तथा महानगरपालिकाको हकमा ३ करोड देखि ४ करोड सम्म)। |
| २. | आयोजना/कार्यक्रम अवधि बढीमा २ वर्ष भएको। |
| ३. | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र औचित्यता। |
| ४. | आयोजना/कार्यक्रम कार्यान्वनयका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको। |
| ५. | स्थानीय तहको आधारभुत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको। |
| ६. | जनताको आयस्तर तथा गरीबी निवारणमा योगदान पुऱ्याउने। |
| ७. | प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेटको सुनिश्चितता पत्र। |
| ८. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने। |
| ९. | प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको। |
| १०. | आयोजनाको नक्शा, डिजाईन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण भएको। |
| ११. | आयोजना/कार्यक्रम बाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण भएको। |
| १२. | आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन(फिजिब्लिटी स्टडी ) प्रतिवेदन तथा डि.पी.आर. |
| १३. | प्रचलित कानुन बमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन। |
| १४. | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७७ को अनुसुची-२ बमोजिमको वार्षिक आयोजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना। |
| १५. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको। |
| १६. | वातावरणमा प्रतिकुल असर नगर्ने प्रकृतिको। |
| १७. | स्थानीय तहहरुले अधिकतम पाँचवटा सम्म आयोजना/कार्यक्रमहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्ता आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण घट्दो क्रममा निर्धारण गरि पेश गर्नुपर्नेछ। |
| १८. | अघिल्ला आर्थिक वर्षमा २ वर्ष कार्यान्वयन अवधि भनि स्वीकृत भएका आयोजना/कार्यक्रमलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गर्नुपर्नेछ। त्यस्ता आयोजना/कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वत: बजेट विनियोजन हुनेछैन। |
| १९. | स्थानीय तहले समपुरक अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिका निर्णयको प्रतिलिपी । |
| २०. | कार्यविधिको दफा ३ मा उल्लेखित क्षेत्र अन्तरगत प्रस्ताव गरेको। (खुलाउनुपर्ने)। |

सचिव

## प्रदेश विशेष अनुदान

(क) स्थानीय तहहरुले विशेष अनुदान माग गर्दा प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को अधिनमा रहि माग गर्नुपर्नेछ।

(ख) विशेष अनुदान प्रस्ताव सम्बन्धी शर्तहरू:

१. विशेष अनुदानको लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ:

| क्र.सं. | मुलभुत क्षेत्र | कार्यविधि बमोजिमका क्षेत्रहरू |
|---|---|---|
| १ | शिक्षा | क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम |
| २ | स्वास्थ्य | क)आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित रहेका समुदाय एवम् बाल तथा मातृ मृत्युदर अत्याधिक भएका क्षेत्रमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम |
| ३ | खानेपानी | क)खानेपानी सेवाबाट वञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलब्ध गराउने विशेष आयोजना/कार्यक्रम |
| ४ | खाद्य सुरक्षा तथा पोषण | क) खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सम्बन्धी आयोजना/कार्यक्रम |
| ५ | समावेशीकरण तथा मुल प्रवाहिकरण | क)कुनै पानि पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम |
| ६ | | ख) कुनै अल्पसङ्ख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष आयोजना/कार्यक्रम |
| ७ | तहगत सन्तुलन | क)सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका विशेष आयोजना/कार्यक्रम |
| ८. | विपद व्यवस्थापन तथा अन्य | क) कुनै विपद् वा मानवीय कारणबाट कुनै क्षेत्रमा पुनस्थापन, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने संवेदनशील अवस्था देखिएमा सो सम्बन्धी आयोजना/कार्यक्रम |

सचिव

२. विशेष अनुदानको लागि आयोजना/कार्यक्रमको रकमको सिमा र आयोजना कार्यान्वयनको अवधिः

- आयोजना/कार्यक्रमको कुल लागत अनुमान २० (बीस) लाख देखि १ करोड सम्मको हुनुपर्ने।
- आयोजना/कार्यक्रम एक आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनुपर्ने।

३. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः

- आयोजना/कार्यक्रमको कुल लागत अनुमानको सारांश(Summary of cost estimates),
- प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक बजेट कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र,
- पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा नक्सा, डिजाईन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण,
- पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा सम्भाव्यता अध्ययन (फिजिविलिटी स्टडी) प्रतिवेदन तथा डि.पी. आर.
- आयोजनाको प्रचलित कानूनबमोजिमको वातावरणीय प्रतिवेदन,
- प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-२ बमोजिमको वार्षिक आयोजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना,
- स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिका निर्णयको प्रतिलिपी,

प्रदेश विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रम पेश गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रममा दोहोरो नपर्ने गरि पेश गर्नुपर्नेछ।

४. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा निम्न लिखित शर्तहरू पुरा भएको घोषणा गर्नुपर्नेछ ।

| क्र.सं. | शर्तहरु |
|---|---|
| १. | आयोजना/कार्यक्रम कुल लागत निर्धारित सीमाभित्र रहेको(कुल लागत अनुमान बीस लाख देखि एक करोड रूपैयाँ सम्म) |
| २. | आयोजना/कार्यक्रमको अवधि एक आर्थिक वर्ष भएको। |
| ३. | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र औचित्यता। |
| ४. | आयोजना/कार्यक्रम कार्यान्वनयका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको। |
| ५. | स्थानीय तहकको प्राथमिकतामा रहेको। |
| ६. | जनताको आयस्तर तथा गरीबी निवारणमा योगदान पुऱ्याउने। |
| ७. | प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक बजेट कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र। |
| ८. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने। |
| ९. | प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको। |

सचिव

| क.सं. | शर्तहरु |
|---|---|
| १०. | पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा नक्शा, डिजाईन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण भएको। |
| ११. | आयोजना/कार्यक्रम बाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण भएको। |
| १२. | पूर्वाधार विकास सम्बन्धी आयोजनाको हकमा सम्भाव्यता अध्ययन(फिजिब्लिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर. भएको (आयोजनाको हकमा) |
| १३. | प्रचलित कानुन बमोजिम आवश्यकताअनुसार आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन भएको। |
| १४. | प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७७ को अनुसुची-२ बमोजिमको वार्षिक आयोजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना। |
| १५. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको। |
| १६. | वातावरणमा प्रतिकुल असर नगर्ने प्रकृतिको। |
| १७. | स्थानीय तहहरुले अधिकतम तीनवटा सम्म आयोजना/कार्यक्रमहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्ता आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण घट्दो क्रममा निर्धारण गरि पेश गर्नुपर्नेछ। |
| १८. | स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिका निर्णयको प्रतिलिपी । |
| १९. | कार्यविधिको दफा ३ मा उल्लेखित क्षेत्र अन्तरगत प्रस्ताव गरेको। (खुलाउनुपर्ने)। |

**द्रष्टव्यः**

१. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यान्वयनमा ल्याएको विद्युतीय प्रणाली http://bagamati.csgrants.gov.np/ बाट विवरणहरू अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ । उल्लेखित कागजातहरू अनलाईनमा पेश गर्न नसकिने (प्रत्येक फाईल 1 MB भन्दा ठूलो) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ । आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार उक्त कागजातको प्रतिलिपि मगाउन सक्नेछ ।

२. आयोजना प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाईलहरू हेर्न सकिनेछ ।

(क) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७

(ख) प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

(ग) आयोजना विवरण वेबसाईटमा प्रविष्टि गर्ने प्रयोगकर्ता पुस्तिका

सचिव